दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ८६ | बुटवल | २०८२ चैत १२ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday March 26, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# कार्की आयोगको प्रतिवेदनमा के–के छ ?

## ओली र लेखकलाई १० वर्षसम्म कैद सिफारिस, मिथ्या सूचना फैलाउन डिस्कर्ड निर्णायक, जेलबाट छुट्न रविले अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनाएको जेलरको बयान, हिंसात्मक घटना गर्न उक्साउने टीओबी समूह, ब्यारिकेट तोडेपछि बल प्रयोग गर्न गृहमन्त्रीको आदेश, सुरक्षा निकायको भूमिकाथि गम्भीर प्रश्न र एल्गोरिदमले देशलाई अदृश्य जेल बनाउन लागको निश्कर्षलगायतका विषय प्रतिवेदनमा समेटिएको छ ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

गत २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका घटनाबारे जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन बाहिरिएको छ ।

सरकारले आधिकारिक रुपमा यो प्रतिवेदन सार्वजनिक गरेको छैन । स्रोतमार्फत् जनआस्था साप्ताहिकले प्रतिवेदन सार्वजनिक गरेको हो । जसमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको तयारी र सञ्चालनमा डिस्कर्ड प्लेटफर्म निर्णायक भएको जाँचबुझ आयोगले औंल्याएको छ ।

आयोगले मिथ्या सूचना र घुसपैठको जोखिम शीर्षकमा छुट्टै घटना विश्लेषण गरेको छ । आन्दोलनमा क्रममा होस्टलमा बलात्कार भएको र मृत्यु संख्या बढाइचढाइ गरिएको मिथ्या सूचना फैलिएको र त्यसले भीडलाई उत्तेजित बनाएको प्रतिवेदनमा छ ।

आन्दोलनकारी स्वयंले पनि राजनीतिक दलका कार्यकर्ता र अन्य स्वार्थ समूहको घुसपैठ हुनसक्ने आशंका गरेका थिए ।

यो आन्दोलनका क्रममा मुख्यत युवा हव र युथ अगेन्स्ट करप्सन नामका डिस्कर्ड सर्भर प्रयोग भएका थिए । युवा हव नामको सर्भर २२ गते बाटै नै एक्टिभ भएको थियो । यो सर्भरबाट विभिन्न ठाउँहरूको नाम राखि विभिन्न प्रयोजनका लागि च्यालनहरू निर्माण गरिएको थियो ।

त्यस्तै युथ अगेन्स्ट करप्सन नामको डिस्कर्ड सर्भरकफ एडमिन 'हामी नेपाल' रहेको थियो । ती सर्भरहरूमा भएका संवाद पनि जाँचबुझ आयोगले राखेको छ ।

**रविलाई जेलबाट छाड्न आतंकपूर्ण अवस्थामा बाध्य बनाइयो**

ललितपुरको नख्खु कारागारका जेलर सत्यराम जोशीले भदौ २४ गते जेनजी आन्दोलनका क्रममा रास्वपा सभापति रवि लामिछानेलाई जेलबाट छाड्नका लागि एक अज्ञात पत्रमा आफूलाई हस्ताक्षर गर्न बाध्य बनाइएको बताएका छन् ।

जोशीले आफूलाई अत्यधिक डर देखाई जीवन- मरणको त्रासमा पारेर एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनाइएको बयान दिएका छन् ।

उनले रास्वपाका सभापति रवि लामिछानेलाई बाहिर निकाल्न त्यस्तो गरिएको बयान दिएका हुन् । प्रतिवेदनमा भनिएको छ- म र प्रशासनिक कर्मचारीहरु मनोसामाजिक अपांग बन्दी अस्पताल भवनभित्र लुकेर ज्यान जोगाउने प्रयासमा थियौं । सो क्रममा भीडले मलाई अत्यधि डरधम्की दिई जीवन-मरणको त्रासमा पारी एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनायो ।"

उनले पत्रको विषयवस्तुबारे आफूलाई कुनै जानकारी नभएको बताएका छन् । "उक्त हस्ताक्षर करकाप र आतंकपूर्ण अवस्थामै गरिएको हुँदा त्यसको कुनै वैधानिक हैसियत छैन ।"- उनले बयानमा भनेका छन् ।

उनले दिउँसो १ बजेर ४० मिनेट जाँदा रवि लामिछाने छोड भन्ने नारासहित कारागारको गेटमा ढुंगामुढा र तोडफोड गरिएको बयान दिएका छन् । 'म र प्रशासनिक कर्मचारीहरू मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल भवनभित्र लुकेर ज्यान जोगाउने प्रयासमा थियौं । सो क्रममा भीडले मलाई अत्यधिक डरधम्की दिई जीवन-मरणको त्रासमा पारी एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनायो ।'- उनले बयानका क्रममा भनेका छन् ।



आफूलाई उक्त पत्रबारे पूर्व जानकारी नभएको र आतंकपूर्ण अवस्थामै हस्ताक्षर गर्न लगाइएको बताउँदै आयोगसमक्ष उनले उक्त पत्रको कुनै वैधानिक हैसियत नभएको पनि बताएका छन् ।

'भीडले मलाई अत्यधिक डरधम्की दिई जीवन- मरणको त्रासमा पारी एक अज्ञात पत्रमा हस्ताक्षर गर्न बाध्य बनायो । पत्रको विषयवस्तुबारे मलाई कुनै पूर्व जानकारी थिएन । उक्त हस्ताक्षर करकाप र आतंकपूर्ण अवस्थामै गरिएको हुँदा त्यसको कुनै वैधानिक हैसियत छैन ।'-उनको बयानमा छ ।

**भ्रामक सूचना फैलाउन पाँच सोसल मिडिया इन्फ्लुएन्सर संलग्न**

जेनजी आन्दोलनका क्रममा भ्रामक सूचना फैलाउनेमा पाँच जना सोसल मिडिया इन्फ्लुएन्सर पनि संलग्न रहेको जाँचबुझ आयोगले ठहर गरेको छ । भ्रामक सूचना फैलाउने काममा संलग्न रहेका पाँच जनामा मिडिया इन्फ्लुएन्सर टंक दाहाल, सुजन ढकाल, शिव परियार, हिमेश पन्त र भाग्य न्यौपाने संलग्न रहेको प्रतिवेदनमा छ ।

'भ्रामक प्रचारहरु जस्तै २३ गतेको घटनामा चुच्चेपाटीस्थित भाटभटेनी मा ३५ शवको कंकाल भेटिएको भनी प्रचार गरी यो । त्यस्तै ३२ जना हराइरहेका प्रदर्शनकारी बानेश्वर संसद भवनभित्र मृत अवस्थामा भेटिए भनी २४ गते प्रचार गरी यो । यस्तो प्रचार गर्नमा सोसल मिडिया इन्फ्लुन्सर टंक ढकाल, सुजन ढकाल, शिव परियार, हिमेस पन्त र भाग्य न्यौपाने जस्ता व्यक्तिहरु संलग्न रहेको पाइन्छ ।'- प्रतिवेदनमा छ ।

अर्का एक विमान परिचारिकाले हिमालयन एयरलाइन्सबाट प्रधानमन्त्री केपी ओली भागेर दुवई पुगेको र उनले आफैं देखेको भ्रामक प्रचार गरेको आयोगले उल्लेख गरेको छ ।

'हिमालय एयरलाइन्सले यसको खण्डन गरी प्रेस वक्तव्य नै जारी गर्नुपर्यो । त्यस्तै एउटा अर्को मिडियामा नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई भीडले घिसारेर पिटिरहेको प्रचार गर्यो, त्यो गलत प्रचार थियो । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल भीडबाट बच्न नदीमा भागिरहेका र व्यक्तिहरुले उनलाई पिटिरहेको दृष्य भिडियोमा देखाइएको थियो ।'- प्रतिवेदनमा छ ।

**सुरक्षाकर्मीको दमनमा प्रधानमन्त्री जवाफदेही हुन्न : ओली**

जेनजी आन्दोलनका बखत प्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले सुरक्षाकर्मीको दमनमा प्रधानमन्त्री जवाफदेही नहुने बताएका छन् ।

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई बयान दिँदै उनले सुरक्षाकर्मीलाई निर्देशन दिने विभागीय निकाय गृह मन्त्रालय रहने भन्दै आन्दोलनकारीको दमनमा प्रधानमन्त्री जवाफदेही नहुने बयान दिएका हुन् । 'प्रधानमन्त्रीले प्रहरीलाई आदेश दिने होइन यसका लागि गृह मन्त्रालय विभागीय मन्त्रालयको रुपमा नै रहन्छ,' ओलीले आयोगलाई भनेका छन्-'तर्कपूर्ण ढंगले प्रधानमन्त्री यस विषयमा जवाफदेही हुँदैन ।'

राज्यका तीनवटै अंगमा आगजनी र तोडफोड गर्ने क्रियाकलापमा संलग्नलाई बयान नलिएको भन्दै ओलीले आयोगप्रति प्रश्न समेत गरेका छन् । 'देशको प्रशासनिक केन्द्र सिंहदरबार न्याय निरूपणको थलो सर्वोच्च अदालतमा मिसिल खोजी खोजी जलाइयो । त्यसमा संलग्नहरूको बयान आयोगद्वारा लिइएको छ ?'- प्रतिवेदनमा ओलीको प्रश्न उल्लेख छ । ओलीले तोडफोड र आगजनीमा संलग्न जो कोहीलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने आयोगसमक्ष बताएका छन् ।

**मेरो घरमा ठुलो परिमाणको पैसा नै थिएन : देउवा**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो घरमा ठुलो परिमाणको पैसा नै नभएको बयान दिएका छन् । जाँचबुझ आयोगसँगको बयानमा सामाजिक सञ्जालको विवरण एआइबाट निर्मित भएको जिकिर गरेका छन् ।

उनले भदौ २३-२४ गतेको घटनामा प्रहरीले आंकलन गर्न नसकेकोमा राजनीतिक हस्तक्षेप भएको भन्नेमा आफू सहमत नभएको समेत बयानमा भनेका छन् ।

**व्यवस्थामाथि नै प्रहार गर्ने नियोजित प्रयास : प्रचण्ड**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले जेनजी आन्दोलनको क्रममा आफ्नी छोरी गंगा दाहालको घरमा अवैध नगद भेटिएको भन्ने प्रचार निराधार भएको जिकिर गरेका छन् । जाँचबुझ आयोगसँगको बयानमा प्रचण्डले काठमाडौंमा आफ्नो घर नभएको बताएका छन् ।

बयानमा भनेका उनले छन्-'भदौ २४ गते काठमाडौंमा म बस्दै आएको भाडाको निवास तथा चितवन स्थित घरमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । काठमाडौंमा मेरो आफ्नै घर छैन । मेरो सुपुत्री गंगा दाहालको घरमा अवैध नगद भेटिएको भन्ने प्रचार निराधार हो । न त त्यस्तो नगद भेटिएको छ, न त हामीले कुनै अवैध आयस्रोतबाट आम्दानी गरेका छौं ।' भदौ २४ गते सिंहदरबार, शीतल निवास, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न सरकारी तथा निजी भवनहरूमा भएको तोडफोड, आगजनी र लुटपाट केवल सरकारविरुद्धको आक्रोश मात्र नभई व्यवस्था माथि नै प्रहार गर्ने नियोजित प्रयास भएको बताएका छन् ।

बयानमा उनले भनेका छन्-'मेरो पार्टीले जियनजेड आन्दोलनको भावनालाई समर्थन गरे पनि हिंसात्मक गतिविधिमा संलग्नता छैन । यदि हाम्रो पार्टीसँग सम्बन्धित कोही व्यक्ति कानुनविपरीत क्रियाकलापमा संलग्न भएको प्रमाणित भए, उसले कानूनी कारबाही भोग्नुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ ।'

उनले भदौ २४ को घटनामा आन्तरिक तथा बाह्य घुसपैठको सम्भावना देखिएको बताएका छन् । बयानमा प्रचण्डले भनेका छन्- 'युवाहरूले भदौ २३ गते नै आन्दोलनमा घुसपैठ भएको भन्दै घर फर्किन आग्रह गरेका थिए । त्यसपछि देखिएको घटनाक्रमले गलत तत्त्वहरूले युवाहरूको भावनालाई प्रयोग गरेको सङ्केत गर्दछ । प्रधानमन्त्रीका रूपमा मेरो कार्यकालमा नियुक्ति, सरुवा-बढुवा प्रक्रियामा मेरिटोक्रेसीलाई प्राथमिकता दिने प्रयास गरेको थिएँ । त्रिभुवन विश्वविद्यालय लगायतका संस्थामा अवलम्बन गरिएको अभ्यास उदाहरणीय रहेको छ ।'

**भदौ २४ को घटनामा रास्वपा संलग्न नभएको रविको जिकिर**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जाँचबुझ आयोगमा बयान दिँदै भदौ २४ को घटनामा राष्ट्रिय स्वतन्त्र पार्टी संलग्न नरहेको जिकिर गरेका छन् । जाँचबुझ आयोगको प्रतिवेदनमा लामिछानेको बयान पनि समेटिएको छ । आयोगमा बयान दिँदै लामिछानेले आफू र आफ्नो पार्टी विध्वंसात्मक घटनामा संलग्न नभएको बताएका हुन् । कोही कतै संलग्न रहेको भेटिए कारबाही गर्ने भनी उनले आयोगमै प्रतिबद्धता जनाएका थिए ।

» बाँकी ३ पेजमा

# निलम्बन भयो एन्फा




बुटवल । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा) नेतृत्वलाई निलम्बन गरेको छ ।

पटकपटक दिएको निर्देशन पालना नगरेपछि राखेपले खेलकुद विकास नियमावली २०७७ को दफा २९ को (२) लाई टेकेर एन्फा नेतृत्वमाथि निलम्बन गरेको हो ।

उक्त बुँदामा कुनै संघले परिषद्ले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संघलाई तीन महिनासम्मका लागि निलम्बन गर्न सक्ने उल्लेख छ ।

योसँगै पंकज विक्रम नेम्बाङ नेतृत्वको एन्फा ३ महिना निलम्बनमा परेको हो ।

अहिलेको एन्फा नेतृत्वले आफू पुनः दोहोरिन कार्यकाल सकिनुभन्दा ३ महिनाअघि नै विधानमै नभएको अर्ली इलेक्सन गर्न खोजेपछि विवाद सिर्जना भएको थियो ।

एन्फा निर्वाचनका लागि अघि बढेपछि राखेपले स्वीकृतीबिना निर्वाचन नगर्न पटकपटक पत्र काटेको थियो । तर, एन्फाले निर्देशन अवज्ञा गर्दै चैत १३ गते निर्वाचन गर्ने गरी अघि बढेपछि राखेपले कारबाही गरेको हो ।

राखेपले मंगलबार एन्फालाई कारबाही किन हुनु नपर्ने हो ? २४ घण्टाको अल्टिमेटमसहित पत्र पठाएको थियो । एन्फाले निर्वाचन नरोक्ने जवाफ पठाएपछि राखेपले कारबाही गरेको हो ।

# ६९औं सहकारी दिवसमा विविध कार्यक्रम




बुटवल । ६९औं राष्ट्रिय सहकारी दिवसका अवसरमा रुपन्देहीमा विविध कार्यक्रम आयोजना हुने भएका छन् ।

दिवसको मूल समारोह चैत २० गते सञ्चालन हुने छ भने पूर्वतयारीका रूपमा चैत १२ देखि १९ गतेसम्म विभिन्न तालिम, स्वास्थ्य शिविर, खेलकुद र सदस्य सम्मान कार्यक्रमहरु सञ्चालन गरिने आयोजकहरूले जानकारी दिएका छन् ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भिम तुलाचनले सहकारी दिवस केवल उत्सव मात्र नभएर सदस्यहरुको क्षमता विकास, आर्थिक साक्षरता र सहकारी सचेतना बढाउने अवसर रहेको भन्दै यस वर्ष विशेष रूपमा महिला सशक्तिकरण, कृषक तालिम र व्यवसाय प्रवर्द्धन कार्यक्रमहरूमा जोड दिएको बताए ।

कार्यक्रमको प्रारम्भ चैत १२ गते क्षमता विकास तालिम, सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम, रक्तदान कार्यक्रम र ज्येष्ठ सदस्य सम्मान कार्यक्रमबाट हुने छ । यसैदिन बाख्रामा लाग्ने रोग निवारण तथा व्यावसायिक उत्प्रेरणा तालिम पनि सञ्चालन हुनेछ । चैत १३ गते आधारभूत सहकारी शिक्षा तालिम, पुष्प व्यवसाय तालिम, बाटेको धुप बनाउने तालिम र रक्तदान कार्यक्रम राखिएको छ ।

बचत तथा ऋण सहकारी संघ रुपन्देहीका अध्यक्ष वसन्त ढकालले सहकारीको मूल उद्देश्य सदस्यहरुको जीवनस्तर उकास्नु रहेको भन्दै वित्तीय साक्षरता, बैंकिङ कसुर तथा सम्पत्ति शुद्धिकरण तालिमलगायतका कार्यक्रममार्फत् सदस्यहरुलाई सशक्त बनाउने प्रयास गरिएको जानकारी दिए ।

चैत १४ देखि १९ गतेसम्म सहकारी शिक्षामा जोड दिँदै विभिन्न कार्यक्रम गरिने छन् । सोही दिन आठौं जिल्लास्तरीय खेलकुद प्रतियोगिता, निःशुल्क स्वास्थ्य तथा आँखा परीक्षण शिविर, कृषक तालिम, बृहत सरसफाइ अभियान, सेनेटरी प्याड निर्माण तालिम, सहकारी उद्यमशीलता तालिम र बृहत् रक्तदान कार्यक्रम आयोजना गरिनेछ ।

जिल्ला सहकारी संघका महासचिव दामोदर पंगेनीले सहकारी क्षेत्रका सबै सदस्यहरूलाई विविध विषयमा तालिम र जानकारी प्रदान गरेर उनीहरुको क्षमता र आत्मनिर्भरता बढाउनुपर्नेमा जोड दिँदै यस वर्षको दिवसले सदस्यहरुबिच सहकार्य र सामाजिक उत्तरदायित्वलाई प्रोत्साहन गर्ने बताए ।

मूल समारोह चैत २० गते हुने छ, जसमा जिल्लाभरिका सहकारी संघ, संस्थाहरु र सदस्यहरुको सहभागिता रहने आयोजकहरूले जानकारी दिएका छन् । रुपन्देहीमा करिब एक हजार सहकारी छन् ।


## जनहितमा जारी सन्देश

**बन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी**
**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को अत्यन्त जरुरी सूचना**

सुख्खा खडेरी तथा गर्मीको समयमा बन जङ्गलमा डढेलो लाग्ने प्रवल सम्भावना रहन्छ । यसले हाम्रो प्राकृतिक सम्पदा क्षण भरमै नष्ट भै वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्बन उत्सर्जन हुन गई जलवायू परिवर्तनमा असर पुग्ने र गाउँवस्ती समेतमा डढेलो फैलिन गई जनधनको ठूलो क्षती हुन सक्छ ।

तसर्थ

- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विशेष निगरानी राखौं । - वन जङ्गल तथा मानिस आवात जावत गर्ने बाटो घाटो सडकको दायाँ वायाँ रहेको पातपतिङ्गर नियमित रुपमा हटाऔं ।
- सलाई लाईटर जस्ता प्रज्वलनशिल वस्तु केटाकेटीहरुको पहुँचबाट टाढा राखौं । त्यस्ता वस्तु लिएर वन जङ्गल प्रवेश नगरौं ।
- पिकनिक वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं । वन जङ्गल छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट विंडीका ठुटाहरु नफालौ ।
- वन क्षेत्र भित्र आवश्यकता अनुसार अग्नीरेखा निर्माण र सो को नियमित सरसफाई गरौं । -वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं ।
- अग्नी निरोधक सामाग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं ।
- खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घरछेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्र कानूनी कार्य नगरौं नगराऔं ।
- वन जङ्गलसँग जोडिएको खेतबारीमा कृषि वालीका ठुटाकुटी, भिंगटा वाली सकेपछि आगो निभाएर मात्र छोडौं ।
- बन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिलि जुटाई तुरुन्त निभाऔं । खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घर छेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्रकानूनी कार्य नगरौं नगराऔं ।
- वनमा डढेलो लगाउने कार्य वन ऐन २०७६ बमोजिम फौजदारी कसूर भएको हुँदा त्यस्तो कार्य गर्नेलाई सोही ऐनबमोजिम क्षतिको विगो असुल उपर गरी ६०(साठी)हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले त्यस्तो कार्य कसैले नगरौं नगराऔं ।
- आगलागीबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा खबर गरौं ।

**आगलागीबाट बचौं र बचाऔं, वन्यजन्तु र प्राकृतिक सम्पदाको संरक्षण गरौं ।**

**डिभिजन वन कार्यालय**
**नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल**

दैनिक लुम्बिनी

## सम्पादकीय

# खाना पकाउने ग्यास अभाव

खाना पकाउने एलपी ग्यास अभावले उपभोक्ता पिसिल्न थालेका छन् । एलपी ग्यास भारतबाट ल्याएर बिक्री गर्ने जिम्मा पाएको नेपाल आयल निगमले एलपी ग्यासको आपूर्ति नियमित भइरहेको बताएको छ । तर बजारमा उपभोक्ताले सहजै ग्यास पाइरहेका छैनन् । भैरहवा भन्सार कार्यालयकाले दिएको जानकारी अनुसार, अघिल्लो वर्षको फागुनको तुलनामा अहिले पनि उस्तै परिमाणमा ग्यास आयात भइरहेको छ । पुसमा ६ हजार ७५८ मेट्रिक टन, माघमा ६ हजार ५७५ मेट्रिक टन र फागुनमा ७ हजार ४८८ मेट्रिक टन ग्यास आयात भएको छ । यो तथ्याङ्क हेर्दा आयात ठिकठाक छ ।

एलपी ग्यास सहजै नपाइनुका मुलतः दुई कारण हुनसक्छन् । पहिलो उपभोक्ताले अत्याधिक सञ्चित गरेका हुनसक्छन् । दोस्रो ग्यास बिक्रेता नै कालोबजारी गरिरहेका छन् । अभावका बेला लुकाएर महँगो मूल्यमा बेच्न थालेका छन् । भारतले नाकाबन्दी लगाएका बेला धेरै उपभोक्ताले दुईभन्दा बढी सिलिण्डर राख्न बाध्य भए । अहिले तिनै सिलिण्डरमा सञ्चित गरेको पाइन्छ । अहिले अभावमा ती छन्, जोसँग धेरै सिलिण्डर छैनन् । र, गरिब तथा न्यून आय भएका छन् । ग्यास बिक्रेता कालोबजारीमा लाग्दा राज्यले नियमित आपूर्ति भइरहेको भने पनि बजारमा आपूर्ति असहज छ । केही दिनअघि बुटवल र सैनामैनामा भएको बजार अनुगमनमा ६ सय हाराहारी सिलिण्डर लुकाएको भेटिएको थियो ।

अभावको बेला पैसा कमाउन पल्केकाहरुको मारमा उपभोक्ता पर्दा नियमनकारी निकायले कानुनले दिएको अधिकार प्रयोग गरी हदैसम्मको जरिवाना र दण्ड तोक्नुपर्छ ।

पश्चिम एसियाको तनाव लम्बिएसँगै उपभोक्तालाई आधा सिलिण्डर ग्यास दिन थालिएको छ । गर्जो टार्नका लागि यो कदम ठिकै मान्न सकिएला, तर उपभोक्ताले आधा सिलिण्डर ग्यास पाएका छन् कि त्योभन्दा थोरै पाएका छन् ? अनुगमन प्रभावकारी हुनुपर्छ ।

नेपाल आयल निगम लुम्बिनी प्रादेशिक कार्यालय मातहतका जिल्लामा रहेका सबै आधिकारिक ग्यास डिलरहरूले उद्योगबाट प्राप्त गरेको ग्यास र उपभोक्तालाई बिक्री गरेको सम्पूर्ण विवरण दैनिक रूपमा जिल्ला प्रशासन कार्यालय तथा निगमको प्रादेशिक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कृत्रिम अभाव सिर्जना हुन नदिन र वितरण व्यवस्थालाई व्यवस्थित बनाउन निगमले कडाइ गरेको हो । यो व्यवस्थाबाट डिलरहरूले उद्योगबाट प्राप्त गरेको ग्यास र बिक्रीको वास्तविक अवस्था स्पष्ट रूपमा थाहा हुनेछ । साथै उपभोक्तालाई ग्यास बिक्री गर्दा नागरिकता वा परिचयपत्र नम्बरसहितको विवरण राख्नुपर्नेछ । यस व्यवस्थाबाट एउटै उपभोक्ताले पटक-पटक ग्यास किनेर अनावश्यक मौज्दात राख्ने प्रवृत्तिलाई पनि नियन्त्रण गर्न सकिने निगमको विश्वास छ । नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालयले गरेको यो व्यवस्थाको व्यवहारिक कार्यान्वयन आवश्यक छ ।

# नागरिकको काँधमा राज्य, अनि समृद्धिको सपना ?



दीपकराज जोशी

आफ्नो जिम्मेवारी इमान्दारिताका साथ निभाउँछ, तब नागरिकले पनि राज्यको गौरव बढाउन आफ्नो पूर्ण क्षमता प्रयोग गर्नेछन् । समृद्धिको साँचो यही सन्तुलनमा लुकेको छ । यदि हामीले समयमै यो प्रवृत्तिलाई सुधारेनौं भने, समृद्धिको सपना केवल भाषणका शब्दहरूमा मात्र सीमित रहनेछ र आम नागरिक भने सधैं आफ्नै आँगनको खाल्डो पुर्दैमा व्यस्त भइरहनेछन् ।

नेपालको आधुनिक इतिहासमा समृद्धि शब्द जति धेरै उच्चारण गरिएको छ, सायद अन्य कुनै शब्दले त्यति चर्चा पाएको छैन । राजनीतिक दलका घोषणापत्रदेखि सदनका बहससम्म, र चिया पसलका गफदेखि सामाजिक सञ्जालका भित्तासम्म सुखी नेपाली, समृद्ध नेपालको नारा घन्किरहेको छ । तर, यो भव्य नाराको मुनि एउटा नमीठो यथार्थ लुकेको छ । त्यो यथार्थ हो, आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न राज्यको मुख ताक्दा थाकेका र अन्ततः आफ्नै थाप्लोमा राज्यको भारी बोक्न बाध्य भएका छ्न नेपाली नागरिकहरू । यदि नागरिकले आफ्नो पसिना, समय र व्यक्तिगत पूँजी खर्चेर राज्यका न्यूनतम जिम्मेवारीहरू पनि आफैं पूरा गर्नुपर्ने हो भने, हामीले परिकल्पना गरेको समृद्धिको यात्रा कता जाँदैछ ? यो एउटा यस्तो गम्भीर प्रश्न हो, जसले हाम्रो लोकतन्त्र र सुशासनको जगलाई नै चुनौती दिइरहेको छ ।

एउटा सामान्य नेपाली नागरिकको जीवनचक्र हेरौं । आइतबारदेखि शुक्रबारसम्म ऊ आफ्नो परिवार पाल्न, छोराछोरीको शिक्षा र भविष्य सुरक्षित गर्न कडा परिश्रम गर्छ । हप्ताको ६ दिनको थकानपछि उसले अपेक्षा गर्ने एक दिनको सार्वजनिक बिदा शनिबार हो । आदर्श रूपमा, यो दिन उसले आराम गर्नुपर्ने, परिवारसँग समय बिताउनुपर्ने वा आफ्नो व्यक्तित्व विकासमा लगाउनुपर्ने हो । तर, नेपालका धेरै सहर र गाउँका नागरिकका लागि शनिबार बिदा होइन, सामूहिक श्रमदानको दिन बन्ने गरेको छ । बिहानै उठ्नेबित्तिकै टोल विकास समितिको बैठक, खानेपानीको पाइप फुटेको मर्मत गर्न पैसा उठाउने छलफल, ढल निकास सफा गर्ने अभियान, वा भत्किएको बाटोमा गिट्टी कुट्ने काममै उसको दिन बित्छ । कतै मन्दिर बनाउन चन्दा संकलन भइरहेको हुन्छ त कतै बिजुलीको पोल सार्नका लागि निवेदन बोकेर सरकारी कार्यालय धाउनुपर्ने बाध्यता हुन्छ । नागरिकले कर तिरेपछि पाउनुपर्ने यी आधारभूत सुविधाहरूका लागि फेरि आफ्नै समय र श्रम खर्चिनुपर्ने यो अवस्थाले राज्यको उपस्थितिलाई शून्य प्रायः बनाइदिएको छ ।

नेपालमा जनसहभागिताको अवधारणालाई निकै सकारात्मक रूपमा लिइन्छ । स्थानीय विकासमा नागरिकको स्वामित्व हुनुपर्छ भन्ने सिद्धान्त आफैंमा नराम्रो होइन । विकासमा नागरिकको संलग्नताले पारदर्शिता र दिगोपना सुनिश्चित गर्छ । तर, पछिल्लो समय यही जनसहभागिताको आवरणमा राज्यले आफ्ना संवैधानिक र कानुनी जिम्मेवारीहरू नागरिकको थाप्लोमा सार्दै गएको देखिन्छ ।

जहाँ राज्यले इन्जिनियर पठाउनुपर्ने हो, त्यहाँ उपभोक्ता समिति बनाएर नागरिकलाई नै प्राविधिक र प्रशासनिक झमेलामा फसाइन्छ । जहाँ राज्यले बजेट विनियोजन गर्नुपर्ने हो, त्यहाँ लागत सहभागिता को नाममा गरिब नागरिकबाटै चन्दा उठाइन्छ । यसले राज्यलाई एक निरीह दर्शक र नागरिकलाई स्वयंसेवी मजदुरको रूपमा उभ्याएको छ । जब नागरिकले आफ्नो सुरक्षा, स्वास्थ्य, शिक्षा र पूर्वाधारका लागि राज्यलाई कर तिरिसकेको हुन्छ, तब फेरि तिनै कामका लागि अतिरिक्त श्रम र धन खर्चिनु न्यायसंगत हुँदैन ।

कुनै पनि राष्ट्रको समृद्धिको प्रमुख आधार त्यस देशका नागरिकको उत्पादक समय (Productive Time) हो । विकसित देशहरूमा नागरिकले आफ्नो समय नयाँ आविष्कार, व्यापार, सीप विकास वा सृजनात्मक कार्यमा खर्च गर्छन् । किनकि, उनीहरूलाई थाहा छ कि घर बाहिरको बाटो, पानीको धारा र ढलको निकास व्यवस्थित गर्ने काम राज्यको हो । तर नेपालमा, एकजना दक्ष जनशक्तिले आफ्नो बौद्धिक क्षमता देशको आर्थिक विकासमा लगाउनुको साटो टोलको खानेपानी समितिको माइन्युट लेख्न वा बिजुलीको ट्रान्सफर्मर मर्मतका लागि चन्दा उठाउन समय खर्चिनुपर्छ । यसलाई अर्थशास्त्रको भाषामा अपर्चुनिटी कस्ट (Opportunity Cost) भनिन्छ । नागरिकले आधारभूत सेवा व्यवस्थापनमा खर्च गरेको त्यो अमूल्य समयलाई यदि आर्थिक उत्पादनमा लगाउन पाएको भए, देशको कुल गृहस्थ उत्पादन (GDP) मा कति योगदान पुग्थ्यो होला ? यो एउटा नदेखिने तर राष्ट्रका लागि निकै ठूलो आर्थिक क्षति हो ।

लोकतान्त्रिक व्यवस्थामा नागरिक र राज्यबीच एउटा अलिखित सामाजिक सम्झौता हुन्छ । नागरिकले राज्यका नियम मान्ने, कर तिर्ने र सामाजिक अनुशासनमा बस्ने वाचा गर्छन् भने बदलामा राज्यले उनीहरूको जीवन सहज बनाउने, सुरक्षा दिने र न्यूनतम पूर्वाधार उपलब्ध गराउने वाचा गर्छ । जब नागरिकले आफ्नो तर्फको वाचा इमान्दारिताका साथ पूरा गर्छन् (जस्तैः महँगो पेट्रोलियम पदार्थमा कर तिर्ने, कर कार्यालयमा लाइन लाग्ने, सिफारिश लिँदा महँगो शुल्क बुझाउनुपर्ने), तर राज्यले सेवा प्रवाहमा सधैं आलटाल गर्छ, तब यो सम्झौता कमजोर हुन्छ । यसले बिस्तारै राज्यप्रति नागरिकको अविश्वास बढाउँछ । राज्य हुनु र नहुनुमा के फरक छ र ? भन्ने भावना जब आम जनतामा विकसित हुन्छ, तब लोकतन्त्रको जग हल्लिन थाल्छ । यही निराशाकै कारण आजको युवा पुस्ता देशमा भविष्य नदेखेर विदेश पलायन भइरहेको छ । उनीहरू केवल रोजगारी खोज्न मात्र गएका होइनन्, उनीहरू त एउटा यस्तो प्रणाली खोज्न गएका हुन् जहाँ उनीहरूले तिरेको करको बदलामा सम्मानजनक सेवा प्राप्त होस् ।

नेपालमा स्रोतको नितान्त अभाव मात्रै समस्या होइन । हरेक वर्ष अर्बौंको बजेट फ्रिज हुनु वा आर्थिक वर्षको अन्त्यमा हतार-हतार बजेट सिध्याउन सडक खन्ने प्रवृत्तिले के देखाउँछ भने, समस्या नियत र कार्यक्षमता मा छ । योजना तर्जुमा गर्दा नागरिकका वास्तविक आवश्यकताभन्दा पनि राजनीतिक पहुँचका आधारमा बजेट बाँडफाँड गरिन्छ ।

स्थानीय सरकारहरू आएपछि घरदैलोमा सेवा पुग्ने अपेक्षा गरिएको थियो । तर धेरै ठाउँमा स्थानीय सरकारहरू पनि केवल कर उठाउन र प्रशासनिक झमेला थप्न मात्र सक्रिय देखिएका छन् । विकास निर्माणका काममा हुने ढिलासुस्ती र ठेकेदारको लापरवाहीलाई नियमन गर्ने निकायहरू मौन रहँदा अन्ततः नागरिक नै सडकमा उत्रिएर खाल्डा पुर्न बाध्य हुनुपर्छ ।

हामीलाई समृद्धिको नयाँ परिभाषा चाहिएको छ । समृद्धि भनेको गगनचुम्बी भवन वा भ्यु-टावर मात्र होइन; समृद्धि भनेको त एउटा यस्तो प्रणाली हो जहाँ-

१. नागरिकले आफ्नो बिदाको दिन पाइप मर्मतमा होइन, परिवारसँग बिताउन पाउँछ ।

२. कर तिरेपछि सेवा पाउनका लागि कुनै नेता वा कर्मचारीको चाकडी गर्नुपर्दैन ।

३. जनसहभागिता भनेको श्रम शोषण होइन, बरु योजनाको निगरानी र गुणस्तर परीक्षणमा केन्द्रित हुन्छ ।

राज्यले अब सुविधा प्रदायक (Service Provider) को भूमिका सशक्त बनाउनुपर्छ । सरकारी निकायहरूले आफ्नो असक्षमता लुकाउन नागरिकलाई स्वयंसेवक बनाउने खेल बन्द गर्नुपर्छ । प्रविधिको प्रयोग गरेर सेवा प्रवाहलाई सहज बनाउने, कर्मचारीतन्त्रलाई उत्तरदायी बनाउने र विकास निर्माणमा हुने भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्ने हो भने नागरिकले आफ्नो काँधमा राज्य बोक्नुपर्ने अवस्था आउँदैन ।

समृद्धिको यात्रा तब मात्र सफल हुन्छ, जब नागरिकको काँध राज्यको बोझबाट हल्का हुन्छ । नागरिकलाई आधारभूत भौतिक समस्याहरूको जञ्जालबाट मुक्त गरेर उनीहरूको ऊर्जालाई राष्ट्रिय उत्पादनमा जोड्नु नै आजको आवश्यकता हो । हामीले नागरिकको काँधमा राज्य बोक्ने होइन, बरु नागरिकलाई आफ्नो लक्ष्यसम्म पुग्न मद्दत गर्ने एउटा सक्षम र बलियो राज्य निर्माण गर्नुपर्छ ।

जब राज्यले आफ्नो जिम्मेवारी इमान्दारिताका साथ निभाउँछ, तब नागरिकले पनि राज्यको गौरव बढाउन आफ्नो पूर्ण क्षमता प्रयोग गर्नेछन् । समृद्धिको साँचो यही सन्तुलनमा लुकेको छ । यदि हामीले समयमै यो प्रवृत्तिलाई सुधारेनौं भने, समृद्धिको सपना केवल भाषणका शब्दहरूमा मात्र सीमित रहनेछ र आम नागरिक भने सधैं आफ्नै आँगनको खाल्डो पुर्दैमा व्यस्त भइरहनेछन् ।

घटना र विचारबाट

# नेप्से परिसूचक २४ अङ्कले घट्यो



काठमाडौँ । गत तीन दिन बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने दोहोरो अङ्कले घटेको छ । नेप्से परिसूचक २४ दशमलव ४५ अङ्कले घटेर दुई हजार ९३५ दशमलव ९४ को विन्दुमा कायम भएको हो ।

३४५ कम्पनीको तीन करोड ५८ लाख १९ हजार ८२९ कित्ता शेयर एक लाख ३८ हजार २५६ पटक खरिदबिक्री हुँदा रु १५ अर्ब नौ करोड चार लाख १६ हजार ८४६ बराबरको कारोबार भएको छ । कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४८ र व्यापार समूह तीन दशमलव ४५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव ४०, विकास बैंक दुई दशमलव ३२, वित्त दुई दशमलव ०९, होटल तथा पर्यटन शून्य दशमलव ०५, जलविद्युत् शून्य दशमलव १६,लगानी शून्य दशमलव ५३ र जीवन बिमा समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त एक दशमलव ६४, म्युचुअल फन्ड शून्य दशमलव ३४, निर्जीवन बीमा एक दशमलव १५ र अन्य समूह एक दशमलव ७० प्रतिशतले घटेको छ ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र सुपर खुदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु ५२ करोड ४७ लाख ४७ हजार ५९३ बराबरको शेयर खरिदबिक्री भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको १६ लाख ७६ हजार ६२६ कित्ता शेयर किनबेच भएको छ ।

# हरियो मटरमा पाइन्छ भिटामिन ए, बी, के र सीः मधुमेहका बिरामीका लागि फाइदाजनक, तौल पनि घटाउँछ

चिसो मौसममा हरियो मटर खानुको मज्जा नै बेग्लै हुन्छ । यो खाँदा जति स्वादिलो हुन्छ स्वास्थ्यका लागि त्यति नै फाइदाजनक पनि ।

साथै यो विभिन्न पोषक तत्वले भरिपूर्ण हुन्छ । यसमा भिटामिन ए, भिटामिन बी वान, भिटामिन बी सिक्स, भिटामिन सी र भिटामिन के पाइन्छ ।

हरियो मटर भिटामिनको पावरहाउस भनिन्छ । भारतकी डायटिशियन निधि पाण्डे करियो मटरमा क्यालोरी निकै कम हुने र फाइबर, प्रोटिन, म्यागनिज, आइरन र फोलेटको मात्रा अत्यधिक हुने बताउँछिन् ।

**हरियो मटरका ६ ठूला फाइदाः**

**तौल घटाउन प्रभावकारीः**

तौल घटाउन चाहनेहरुका लागि हरियो मटर निकै प्रभावकारी मानिन्छ । फाइबर र प्रोटिनले भरपुर भएका कारण यो खाँदा धेरै बेरसम्म भोक लाग्दैन । यसले तौल नियन्त्रणमा पनि सहयोग गर्छ ।

**मुटुरोगलाई राख्छ टाढाः**

हरियो मटरले उच्च रक्तचापको समस्याबाट जोगाउँछ । यसले शरीरको ब्याड कोलेस्ट्रोल पनि कम गर्छ । त्यसैले यो रक्तचापका लागि मात्रै नभई मुटुका लागि पनि राम्रो मानिन्छ ।

**पाचनका लागि उत्कृष्टः**

हरियो मटरमा फाइबरको भरपुर मात्रा पाइन्छ । यसले हाम्रो पाचन क्रियालाई चुस्त र दुरुस्त राख्छ । हरियो मटर खाँदा शरीरमा राम्रो ब्याक्टेरियाको विकास हुन्छ जसका कारण आन्द्राले सही तरिकाले काम गर्छ । हरियो मटर खाँदा पेट राम्रोसँग सफा हुन्छ र कब्जियतको समस्या पनि रहँदैन ।



**मधुमेहका बिरामीलाई फाइदाजनकः**

हरियो मटरमा ग्लाइसेमिक इन्डेक्स कम हुन्छ जसले ब्लड सुगरलाई नियन्त्रणमा राख्छ । हरियो मटरमा पाइने प्रोटिन र फाइबरले पनि ब्लड सुगर बढ्नबाट रोक्छ । यसमा भिटामिन ए, बी, सी र के पनि पाइन्छ जसले मधुमेहको खतरालाई कम गरिदिन्छ ।

**हड्डीका लागि आवश्यकः**

बलियो हड्डीका लागि भिटामिन के निकै आवश्यक हुन्छ ।

भिटामिन 'के' ले शरीरलाई आस्टियोपोरोसिसको समस्याबाट जोगाउँछ । उसिनेको एक कप हरियो मटरमा भिटामिन के-वान को आरडीए हुन्छ जुन हड्डी बलियो बनाउनका लागि परिचित छ ।

**छालाका लागि उत्कृष्टः**

हरियो मटरमा पाइने भिटामिन सीले शरीरमा कोलेजन बन्छ । त्यसैले छालाको दाग धब्बा हटेर जान्छ भने चम्किलो पनि हुन्छ ।

**कार्की....**

लामिछानेले भदौ २४ गते आफू नख्खु कारागारबाट नभागेको बरु कारागार प्रशासनका सुरक्षा अधिकारी र अरु कर्मचारीले सुरक्षाका कारण आफूलाई कारागार बाहिर गइदिन अनुरोध गरेको जिकिर गरेका छन् । पछि भीड नख्खुतिर आउँदै गरेको र त्यस्तो अवस्थामा सुरक्षाकर्मीहरुको आग्रहमा आफूले भीडलाई सम्झाएको उनको जिकिर छ ।

'मैले अदालतको आदेश बिना कारागारबाट बाहिर निस्कन अस्वीकार गरें । प्रहरी आत्तिएको अवस्थामा भीडले मलाई धकेल्दै बाहिर पुऱ्यायो' उनले बयानमा भनेका थिए, 'त्यसपछि म कारागार छेउको रेस्टुरेण्टको बार्दलीमा चढी भीडलाई शान्ति, संयमता अपनाउन र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न अपिल गर्दै सम्बोधन गरेँ ।' आफूलाई कारागार प्रशासनकै निर्देशनमा भीडको जिम्मा लगाइएको भन्दै उनले निस्कन नचाहँदा नचाहँदै जबर्जस्ती बाहिर पठाइएको जिकिर गरेका हुन् ।

**भदौ २३ र २४ को घटनाको जिम्मा तत्कालीन सरकारको : बालेन**

काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाहले जेनजी आन्दोलनका क्रममा भदौ २३ गते 'आतंकवादी' शैलीमा सरकारले अध्यधिक बल प्रयोग गरेरका कारण २४ गतेको घटना भएको आरोप लगाउंदै बयान दिएका छन् । उनले उक्त घटनाको सम्पूर्ण जिम्मेवारी तत्कालीन सरकार र सरकार सहभागी दलले लिनुपर्ने उल्लेख गरेका छन् ।

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनमा बालेन गरेको बयानमा उनले राष्ट्रपति र सेनापतिको आग्रहमा घटना शान्त पार्न भूमिका खेलेको उल्लेख गरेका छन् ।

'२४ गतेको घटना दुःखद थियो र २३ गते सरकारको अत्याधिक बल प्रयोग र आतंकवादी शैलीको नतिजा हुनसक्छ । २४ गते कामनपाले समयमै दमकल पठाएको थियो र महानगरभित्रका संरचना महानगरकै दमकलले नियन्त्रण गरेको हो,' बालेनको बायनमा छ -'सम्माननीय राष्ट्रपति र सेनापतिको आग्रहमा मेरो आन्दोलनलाई शान्त पार्ने भूमिका रहेको थियो । तत्कालीन सरकारले अपराध र आतंकवादी क्रियाकलाप गरेको हो र सम्पूर्ण क्षतिको जिम्मा तत्कालीन सरकार र सहभागी दलले लिनुपर्छ ।'

**टीओबी समूहलाई पनि कारबाही सिफारिस**

जेनजी प्रदर्शनबारे जाँचबुझ गर्न बनेको आयोगले भदौ २३ र २४ गते प्रदर्शनमा हिंसात्मक घटना गर्न उक्साउने टीओबी समूहलाई पनि कारबाही सिफारिस गरेको छ । टीओबी समूहले प्रदर्शनका लागि चाबाहिल ओम अस्पतालनजिक करिडोर हुँदै बिजुली बजारतिर आएको खुलाएको छ ।

जाँचबुझ गर्न बनेको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले उक्त समूहलाई फौजदारी संहिताको दफा ३५ अनुसार कारबाही सिफारिस गरेको हो । आयोगको प्रतिवेदन तयार हुनुअघि नै टीओबी समूहलाई प्रहरीले मुद्दा चलाइसकेको छ । काठमाडौं प्रहरीले टीओबी समूका मुख्य नाइके तेन्जिन दावालाई पक्राउ गरेर कानुनी दायरामा ल्याएको थियो ।

**ब्यारिकेट तोडेपछि बल प्रयोग गर्न गृहमन्त्रीको आदेश**

काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले जेनजी आन्दोलनको सम्बन्धमा जाँचबुझ गर्न गठित आयोगसमक्ष एभरेष्ट होटलअगाडिको ब्यारिकेट तोडिएपछि गृहमन्त्रीले बल प्रयोगको निर्देशन दिएको बयान दिएका छन् ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनका सम्बन्धमा जाँचबुझ गर्न सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग बनाएको थियो । आयोगको प्रतिवेदनमा भनिएको छ-"बानेश्वरको एभरेष्ट होटल अगाडि प्रहरीको ब्यारिकेट तोडेपछि गृहमन्त्रीले सिलसिलेबार रूपमा बल प्रयोग गरी स्थिति नियन्त्रण गर्नू भनी निर्देशन आफूलाई दिनू भनी प्रजीअ छविराज रिजालले यस आयोगमा दिएको बयानमा उल्लेख गरेका छन् ।"

गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा जिल्ला प्रशासन काठमाडौंका तत्कालीन सीडीओ छविलाल रिजालले आफूले घुँडाभन्दा तल लक्षित रबरको गोली चलाउने मौखिक आदेश दिएको तर सिधै गोली चलाउने आदेश भने नदिएको बताएका छन् ।

जाँचबुझ आयोगसमक्ष रिजालले दिएको बयानमा आफूले अन्तिम बल अर्थात् सिधै गोली चलाउने आदेश नदिएको उल्लेख गरेका छन् ।

प्रतिवेदनमा उल्लेखित बयान अनुसार, उनले बरु प्रहरीको रेडियो सेटमा तत्कालीन प्रहरी महानिरीक्षक र काठमाडौं उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुखले 'आवश्यकता अनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नू' भन्ने आदेश आफूले सुनेको बताएका छन् ।

'मैले घुँडाभन्दा तल लक्षित रबरको गोली चलाउने मौखिक आदेश दिएको भए पनि अन्तिम बल अर्थात् सिधै गोली चलाउने आदेश दिएको थिएन,' तत्कालीन सीडीओ रिजालले भनेका छन्-'तर सोही तनावपूर्ण अवस्थामा प्रहरीको रेडियो सेटबाट पहिले प्रहरी महानिरीक्षक र त्यसपछि काठमाडौं उपत्यका प्रहरी कार्यालयका निमित्त प्रमुखले आवश्यकता अनुसार अवस्था नियन्त्रणमा लिन फायर खोल्नु भन्ने आदेश दिएको मैले सुनेको थिएँ ।'

**ओली र लेखकलाई १० वर्षसम्म कैद सिफारिस**

आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँगै गृहमन्त्री लेखकलाई पनि मुलकी अपराध संहिताअनुरुप कारबाही गर्नुपर्ने देखिएको उल्लेख गरेको छ । भदौ २३ गते शान्तिपूर्ण प्रदर्शनमा निस्किएका जेनजी युवाहरूको ज्यान जिम्मेवार पदाधिकारीको लापरबाहीपूर्ण र हेलचेक्र्याइँले गएको भन्दै अपराध संहिताअनुरुप कारबाही सिफारिस गरेको आयोगले भनेको छ ।

आयोगको प्रतिवेदनमा अपराध संहिताअनुसार, कारबाही सिफारिस पर्नेहरूमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन आइजीपी चन्द्रकुवेर खापुङ छन् ।

आयोगले उनीहरूलाई मुलुकी अपराध संहिताको दफा १८१ बमोजिम 'लापरबाहीपूर्ण काम गरी ज्यान मार्न नहुने' कसुरमा अनुसन्धान गरी सजाय गर्न सिफारिस गरेको छ । यो दफाअन्तर्गत अभियुक्तलाई तीन देखि १० वर्षसम्म कैद सजाय र ३० हजार देखि एकलाख सम्म जरिबाना हुनसक्छ । काठमाडौं । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन अनौपचारिकरुपमा सार्वजनिक भएको छ । जेनजी युवाहरुसहित चौतर्फी दबाबकाबिच पनि सरकारले प्रतिवेदन सार्वजनिक गरेको थिएन ।

प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, आइजीपी चन्द्र कुवेर खापुङलाई मुख्य दोषीका रुपमा कारबाही सिफारिस गरिएको छ । आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँगै गृहमन्त्री लेखक र तत्कालीन आइजीपी चन्द्रकुबेर खापुङलाई मुलुकी अपराध संहिता अनुरूप अनुसन्धान र तहकिकात गरी कारबाही गर्न सिफारिस गरेको छ ।

भदौ २३ गते जेनजी युवाहरूको शान्तिपूर्ण प्रदर्शनमा लापरबाहीपूर्ण र हेलचेक्र्याइँका कारणले ज्यान गएको भन्दै अपराध संहिता अनुरूप कारबाही सिफारिस गरेको हो । उनीहरूलाई लापरबाहीका कारण ज्यान गएको भन्दै आयोगले अपराध संहिताको दफा १८१ अनुसार कारबाही सिफारिस गरेको हो । यो दफाअन्तर्गत अभियुक्तलाई तीन देखि १० वर्षसम्म कैद सजाय र ३० हजार देखि एक लाखसम्म जरिवाना हुनसक्छ ।

"यी पदाधिकारीहरुकै हेलचेक्र्याइँपूर्ण काम कारबाही कारणले किशोर किशोरीहरूको समेत ज्यान मर्न मराउन गएकोमा यी पदाधिकारीहरू माथि मुलुकी अपराध संहिताको १८२(१) अनुसार कानुन बमोजिम अनुसन्धान तहकिकात गरी गराई अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ठहर्छ ।"- आयोगको प्रतिवेदनमा भनिएको छ ।

यस्तै २३ गतेको आन्दोलनमा जेनजी आन्दोलनमा हेलचेक्र्याइँ गर्दै युवाहरूको ज्यान गएको भन्दै तत्कालीन सरकारी अधिकारीहरू गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धानका प्रमुख हुत्तराज थापा र काठमाडौंका तत्कालीन सीडीओ छविराज रिजाललाई मुलुकी अपराध संहिताको दफा १८२ बमोजिम कारबाही लागि अभियोजन गर्न सिफारिस गरेको हो ।

"यी पदाधिकारीहरूकै हेलचेक्र्याइँ काम कारबाही कारणले किशोर किशोरीहरूको समेत ज्यान मर्न मराउन गएकोमा यी पदाधिकारी माथि मुलुकी अपराध संहिताको १८२(१) अनुसार कानुन बमोजिम अनुसन्धान तहकिकात गरी गराई अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्ने ठहर्छ ।"- आयोगको प्रतिवेदनमा भनिएको छ । हेलचेक्र्याइँ गरी ज्यान मार्न नहुने यो दफा अनुसार दोषीलाई तीन वर्षसम्म कैद र तीस हजार सम्म जरिवाना हुने व्यवस्था छ ।

"उपदफा (१) बमोजिम कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।"- अपराध संहिताको दफा १८२(२) मा भनिएको छ । यसै गरी नेपाल प्रहरीका तत्कालीन आइजीपी खापुङसहित उपत्यका प्रहरी कार्यालय रानीपोखरीका कार्यवाहक प्रमुख डीआइजी ओम राना, प्रहरी प्रधान कार्यालय कार्यविभाग प्रमुख एआइजी सिद्धिविक्रम शाह, एसएसपी दीपशमशेर जवरा, एसपी ऋषिराम कँडेल र काठमाडौंका एसएसपी विश्व अधिकारीलाई कारबाही सिफारिस गरेको छ ।

यस्तै, सशस्त्र प्रहरीतर्फ आइजीपी राजु अर्यालसहित एआइजी नारायणदत्त पौडेल, डिआइजी कुमार श्रेष्ठ, एसपी जीवन केसीलाई कारबाही सिफारिस गरिएको छ । राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुत्तराज थापासहित उपत्यका अभियान महाशाखामा कार्यरत सह-निर्देशक कृष्णप्रसाद खनाल, काठमाडौं प्रमुखका रूपमा कार्यरत सह-अनुसन्धान निर्देशक रिबेनकुमार गच्छदार कारबाही सिफारिस भएको छ ।

**सुरक्षा निकायको भूमिकामाथि प्रश्न**

भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा भएको जनधनको क्षतिबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा जेनजी प्रदर्शनका क्रममा देशमा शान्ति सुरक्षा कायम गर्न नेपाली सेना चुकेको जनाएको छ । गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदनमा भदौ २३ र २४ गतेको घटनामा नेपाली सेनाको भूमिका शंकास्पद देखिएको उल्लेख छ ।

"भाद्र २३ गते संघीय संसद भवन परिसर वरपरको घटनामा सेना परिचालन सम्बन्धमा काठमाडौं जिल्लाका प्रजिअले कर्फ्यू जारी गरी सकेपछि सेना सहयोगमा आइ सुरक्षा स्थिति सुदृढ हुने अपेक्षा गरिएकोमा सेनाबाट सहयोग प्राप्त नभएको भनेका छन् ।"- प्रतिवेदनमा भनिएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ ( २ ) ले कुनै ठाँउमा गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्र. जि. अ. लाई लागेमा यससम्बन्धी कारण र आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थानुसार नेपाली सेनाको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ । भाद्र २३ गतेको घटनालाई विचार गरी ३ चरणको सुरक्षा योजना जिल्ला सुरक्षा समितिले तयार गरी तेश्रो चरणको अवस्थाको लागि सेनाको सहयोग लिन सकिने कुरा पनि उक्त योजनामा भएको देखिन्छ ।

"भाद्र २२ गते साँझ र २३ गते बिहान ९:०० बजेसम्म शान्ति सुरक्षा सामान्य रहेको समितिको निर्णयमा उल्लेख छ तर भाद्र २३ गते दिउँसो १२:०० बजेको निर्णयमा परिस्थिति काबु भन्दा बाहिर जान लागेको भन्दै सेनाको सहयोगको लागि पत्राचार गरिएकोमा नेपाली सेनाको सहयोग प्राप्त नभएको देखिन्छ ।"- प्रतिवेदनमा उल्लेख छ । नेपाली सेनाका अनुसार संघीय संसद भवनतर्फ सिंहदरबार स्थित नरसिंह दलबाट १२:४५ बजेको समयमा नै नेपाली सेना प्रहरीको सहयोगार्थ मुभ गरेको तर प्रदर्शनकारीहरु नेपाली सेना सवार रहेको ट्रकको चक्कामुनि सुति करिब ३:०० बजेमात्र संघीय संसद भवन कम्पाउण्डमा प्रवेश गरेको भन्ने छ ।

"यसमा नेपाली सेनाले ट्रकमुनि सुतेका युवा प्रदर्शनकारीहरुलाई सम्झाइबुझाई हटाई ट्रक अगाडि लान सक्थ्यो अथवा गाडीबाट डिस्माउन्ट भै पैदल नै संघीय संसद भवन परिसरमा जान सक्थ्यो, तर यी दुवै कार्य नगरी प्रहरीको एस्कर्टको लागि पर्खी रह्यो भन्ने प्रहरीहरुको भनाइ र करिब ३:०० बजे दिउँसोको समयमा मात्र संघीय संसद भवन प्रवेश गरेको देखिन्छ ।"- प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदन अनुसार सेनाको टुकडी संसद भवन परिसरमा पुगी राति त्यही रहेको र दोश्रो दिन भाद्र २४ गते प्रदर्शनकारीहरुले संघिय संसद भवनमा आगजनी गर्न थालेपछि संसद भवनबाट निस्केर गएका थिए ।

सेनाको प्रतिनिधि पनि जिल्ला सुरक्षा समितिको सदस्य रहने गरेको र भाद्र २३ गते जिल्ला सुरक्षा समिति, काठमाडौको बैठक बिहानैदेखि प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा बसिरहेको थियो । प्रतिवेदनमा भनिएको छ-"नेपाली सेनाका प्रतिनिधिलाई त्यस दिन विकसित हुँदै गएको स्थितिबारे जानकारी हुँदा पनि स्थानीय प्रशासनले माग गरेको सहयोग समयमा नै प्राप्त हुन सकेन ।" फलस्वरुप भीड नियन्त्रण नभई बल प्रयोग गर्दा धेरैजनाको मृत्यु भयो, अन्य सयौं जना घाइते समेत हुन पुगेको प्रतिवेदनमा उल्लेख छ ।

भाद्र २४ गते सिंहदरबारमा भएको आगजनी र सोही दिन राष्ट्रपति भवन, शितल निवासमा भएको आगजनी र लुटपाटमा पनि नेपाली सेनाको निस्कृय भूमिकालाई लिएर निकै टिका टिप्पणी भएका थिए ।

सिंहदरबार परिसरभित्र लामो समयदेखि सेनाले सुरक्षा प्रदान गर्दै आइरहेको छ । भाद्र २४ गतेको घटनाको सुरुमा सेनाले सिंहदरबार भित्र प्रवेश गरेका आक्रोशित प्रदर्शनकारीलाई प्रहरीसँगै मिली परिसर बाहिर पठाएको देखिन्छ, तर दोश्रो पटक प्रदर्शनकारीहरु भित्र प्रवेश गर्दा नेपाली सेना नवनिर्मित गृह मन्त्रालयको भवनतर्फ जाने बाटो निर उभिई प्राय निस्कृय अवस्थामा रहेको प्रत्यक्षदर्शी, अन्य सुरक्षाकर्मीहरुले आयोग समक्ष बयानमा भनेका छन् ।

नेपालको संविधानको धारा २६७ (२) बमोजिम राष्ट्रपति नेपाली सेनाको परमाधिपति हो भनी स्पष्ट व्यवस्था गरिएको छ । राष्ट्रपति भवनको विशेष महत्व हुन्छ ।

"राष्ट्रपति र राष्ट्रपति बस्ने भवनको सुरक्षा समेत नेपाली सेनाको जिम्मामा रहन्छ, तर भाद्र २४ गतेका दिन केही प्रदर्शनकारीहरु राष्ट्रपति भवन भित्र अनाधिकृत रुपमा प्रवेश गर्न खोज्दा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुले सुरुमा सम्झाई बुझाई गर्दा पनि प्रदर्शनकारीहरु सुरक्षाकर्मीहरुको कुरा नमानी जबरजस्ती शितल निवासको पुर्वपट्टीको मूल गेटबाट भित्र प्रवेश गर्दा नेपाली सेनाका सकल दर्जाका अफिसर र जवानले प्रभावकारी रुपले प्रतिरोध नगर्दा ऐतिहासिक राष्ट्रपति भवन शितल निवासको पुरातात्विक भवनमा आगजनी भई ऐतिहासिक भवन लगायत दस्तावेजहरु समेत जलेर नष्ट भए ।"- प्रतिवेदनमा भनिएको छ ।

राष्ट्रपति भवन र सिंहदरबारजस्ता भवनहरु माथिको आक्रमण रोक्न नसक्दा नेपाली सेना प्रति नेपाली नागरिकहरुको आस्था र विश्वास डगमगाएको प्रतिवेदनमा जनाइएको छ ।

"सिंहदरबार र राष्ट्रपति भवन शितल निवास जस्ता महत्वपूर्ण भवनहरुमा चारैतर्फ नेपाली सेनाको बख्तरबन्द गाडीसहित नेपाली सेनाको तैनाथी समयमानै परिचालन भएको भए प्रदर्शनकारीहरुलाई प्रहरीले भित्र प्रवेश गर्न नदिई बाहिरनै रोकी उक्त धरोहरहरु सुरक्षित राख्न गर्न सक्ने बलियो सम्भावना थियो । तर सुरक्षाको सम्पूर्ण जम्मेवारी लिएको नेपाली सेनाले समयमानै परिचालित गर्न सकेको देखिएन ।"- प्रतिवेदनमा उल्लेख छ ।

उक्त घटना रोक्न नसक्नुमा नेपाली सेनाका अधिकारीहरुको आफ्नै तर्क रहेको छ । ती अधिकारीहरुका अनुसार आक्रोशित प्रदर्शनकारीहरु माथि नेपाली सेनाले कारबाही गर्दा अत्यधिक मात्रामा प्रदर्शनकारीको हताहत तथा घाइते हुन सक्ने प्रबल सम्भावना रहेकोले सेनाले हतियारको प्रयोग नगरको हो । नेपाली सेनाले 'लाइभ ओभर प्रोपर्टी'को सिद्धान्तलाई अवलम्बन गरी ब्यापक मानविय क्षति हुन नदिन हर सम्भव प्रयास गरेको आयोग समक्ष दिइएको बयानमा उल्लेख छ । नेपाली सेनाका अनुसार भाद्र २४ गते बिहान ५ बजेबाटै कर्फ्यू आदेश जारी भई सुरक्षाकर्मी परिचालित भएको भए सर्वसाधारण नागरिकहरु सडकमा आउन सक्ने अवस्था हुने थिएन । त्यस्तो गरिएको भए भाद्र २४ गतेको घटना नघट्न पनि सक्थ्यो भन्ने भनाइ सेनाको छ ।

"सिंहदरबार र शितल निवासमा नेपाली सेना तैनाथ थियो तिनको रक्षा गर्नु नेपाली सेनाको कर्तव्य हो तर कार्यान्वयन गरेको देखिएन । सिंहदरबार स्थित नरसिंह दलका कमाण्डर र राष्ट्रपति भवन शितल निवासका कमाण्डर र संघीय संसद भवन परिसर वानेश्वर तथा प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षार्थ खटिएका नेपाली सेनाको कमाण्डरहरुले आफ्नो कर्तव्य पुरा गरेको देखिएन," प्रतिवेदनमा भनिएको छ । प्रमुख जिल्ला अधिकारीहरुले नेपाली सेनाको सहयोग माग्दा समेत सहयोग नपाएको गुनासो काठमाडौंलगायत बाहिर जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी सुरक्षा अधिकारीहरुले निरीक्षण एवं अनुगमनको क्रममा आयोगका पदाधिकारीहरुसँगको भेटमा खुलेर बताएका छन् ।

भाद्र २४ गते अन्दाजी १३:३० बजेदेखि प्रधानमन्त्री निवास बालुवाटारको पूर्वपट्टी रहेको मूल गेट बाहिरी प्रदर्शनकारीहरु आई जम्मा भई तत्कालीन प्रधानमन्त्री के. पी. शर्मा ओली बिरुद्ध नाराबाजी गर्दै आक्रोशित उक्त भीड प्रधानमन्त्री निवासभित्र प्रवेश गर्न खोज्दा गेटमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुले प्रदर्शनकारीहरुलाई सम्झाई बुझाई गरी रोक्ने प्रयास गरेका थिए ।

प्रतिवेदनमा स्पष्ट शब्दमा भनिएको छ-"प्रधानमनत्री निवासको सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिएका नेपाली सेनाले खटिएका अन्य सुरक्षाकर्मीहरुलाई आवश्यक सहयोग गरी भीडको अनाधिकृत प्रवेशलाई रोक्नु पर्नेमा सो नगरी प्रदर्शनकारीहरुलाई निर्वाध रुपले प्रवेश गर्न दिई प्रधानमन्त्री निवास भित्र रहेका भवनलगायत अन्य सामग्रीहरु समेतमा आगजनी, तोडफोड तथा लुटपाट हुन दिएको घटनामा मौन बसी सुरक्षाको मूल जिम्मेवारी लिईएको नेपाली सेनाका तत्कालीन कमाण्डरले आफ्नो कर्तव्य पुरा गरेको देखिएन र राज्यले ठूलो क्षति व्यहोर्नु परेको थियो ।"

प्रतिवेदन अनुसार नेपाली सेनाले केही गर्दै नगरेको भने होइन । भाद्र २४ गतेको घटनामा नेपाली सेनाले विशिष्ट व्यक्तिहरुको सुरक्षालाई महत्व दिई विभिन्न ठाउँबाट उद्धार गरी सुरक्षित स्थानमा लगेको थियो । प्रहरी वृत महाराजगञ्जको छतमा फसेका प्रहरीहरुको उद्धार सेनाको हेलिकप्टरबाट गरिएको थियो । भाद्र २४ गते साँझदेखि देश भरी शान्ति सुरक्षा कायम गर्नमा सेनाले नै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

"यद्यपी भाद्र २४ गते राती १० बजे पछि नेपाली सेना व्यारेकबाट बाहिर आउँदा उक्त दिन तत्कालीन प्रधानमन्त्रीले राजिनामा दिंदा साथ किन सेना परिचालन भई शान्ति सुरक्षा कायम गर्न अग्रसर भएन भनी प्रश्न पनि नउठेको होइन ।"- प्रतिवेदनमा भनिएको छ ।

भाद्र २४ गते साँझ १० बजेदेखि नेपाली सेना परिचालन नभएको भए भाद्र २५ गते देशभरि झन ठूलो धनजनको क्षति मात्र नभई राष्ट्रिय अस्तित्वनै संकटमा पर्न सक्ने प्रतिवेदन जनाइएको छ । "नेपाली सेनाले राष्ट्र जोगाएको बिषयमा सर्वत्र प्रशंसा पनि भएको छ ।"- प्रतिवेदनमा उल्लेख छ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका घटना जाँचबुझ गर्न बनेको आयोगले राष्ट्रिय अनुसन्धान आयोग र सुरक्षा निकायको भूमिकामाथि प्रश्न उठाएको छ ।

अनुसन्धान विभागले विभिन्न सामाजिक सञ्जाल, डिस्कर्ड ग्रुपहरूमा पेट्रोल बम बनाउने, तोडफोड र आगजनी गर्नेबारे छलफल भएको भएबारे कुनै सूचना सुरक्षा संयन्त्रलाई दिन नसकेको बताएको हो । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा राष्ट्रिय अनुसन्धान विभागले युवा वर्गमा बढ्दै गएको विरोधी भावनाको कुनै विश्लेषण नगरेको भन्दै प्रश्न उठाएको छ । 'राष्ट्रिय अनुसन्धान विभागलाई सञ्जालमा व्यक्त गरिएका म्यासेजको बारेमा विशेष जानकारी थिएन । राष्ट्रिय अनुसन्धान विभागले युवा वर्गमा बढ्दै गएको संस्थापन विरोधी भावनाको कुनै विश्लेषण नगरेको देखिन्छ ।'- सरकारले सार्वजनिक गर्न हिच्किचावट गरिरहेको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले सरकारका अन्य तालुक निकायले पनि जेनजी आन्दोलनको तयारीबारे विश्लेषण र अनुसन्धान नगरेको पाइएको भनेको छ । भदौ २३ गतेको प्रदर्शनका लागि अनुमति लिएको तीन समूहले भनेझैँ प्रदर्शन शान्तिपूर्ण सुरु भए पनि केही समयमै प्रदर्शन उग्र बनेको प्रतिवेदनमा उल्लेख छ ।

'प्रदर्शन यसरी उग्र हुन्छ भन्ने विषयमा न त आयोजकमध्येका कसैलाई कुनै आभाष थियो न त सरकारका सुरक्षा निकायलाई नै कुनै जानकारी थियो ।'- प्रतिवेदनमा थप भनिएको छ ।

प्रतिवेदनमा भदौ २२ गते साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा भएको ब्रिफिङमा पनि प्रदर्शन यो तहमा हुन्छ भन्नेबारे कसैले नभनेको उल्लेख छ ।

'बैठकमा राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत सबै सुरक्षा निकायका प्रमुखहरूबाट भदौ २३ गते जेनजीहरूले शान्तिपूर्वक प्रदर्शन गर्नेबारे जानकारी गराएका थिए,' प्रतिवेदनमा भनिएको छ-'उक्त प्रदर्शनमा हुन सक्ने सम्भावित हिंसाबारे जानकारी गराइएको थिएन ।' केही रिपोर्टहरूमा भने भदौ २३ गते शान्तिपूर्वक प्रदर्शनमा केही उच्छृंखल व्यक्तिहरूको घुसपैठ हुनसक्ने र स्थितिलाई उत्तेजक बनाउने प्रयास हुन सक्ने आंकलन गरिएको भए पनि संसद् भवन तोडफोड, आगजनी हुने विश्लेषण भएको नपाइएको राष्ट्रिय अनुसन्धान विभागका अधिकारीलाई उदृत गरेर आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ ।

**एल्गोरिदमले देशलाई अदृश्य जेल बनाउन लागेको निश्कर्ष**

जेनजी आन्दोलनको जाँचबुझ गर्न गठित आयोगले सामाजिक सञ्जालको एल्गोरिदमले देशलाई अदृश्य जेल बनाउन लागेको निष्कर्ष निकालेको छ । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा भएको मानवीय क्षति, भौतिक संरचनाको क्षतिलगायतमा जाँचबुझ गर्न गठित आयोगले एल्गोरिदमले पारेको समस्याबारे उल्लेख गरेको छ । 'आजको नेपालमा कुन राजनीतिक मुद्दा उठ्ने र कुन दबाउने/नदेखाउने कुनै तर्क वा वहसमा हैन बरु भन्ने कुरा अल्गोरिदमले छनोटले तय गरिरहेको हुन्छ जसले गर्दा लोकतन्त्र जरैदेखि कमजोर भइरहेको छ ।'- प्रतिवेदनमा भनिएको छ ।

इतिहासमा भएका युद्धहरू भूगोलमा भए पनि विना हतियारले भएको युद्ध मानसिक क्षेत्रका लागि भएको प्रतिवेदनमा लेखिएको छ । 'यस युद्धको मुख्य कारक तत्व वा यसको प्रधान सेनापति एल्गोरिदम हो जसले नेपाललाई अदृश्य जेलमा बन्द गर्ने प्रयास गरिएको छ । अदृश्य जेल जहाँ पर्खाल छैन, केवल अभिरुचिहरू छन् ।'- प्रतिवेदनमा भनिएको छ ।

नेपाल स्वतन्त्र देश जस्तो देखिएता पनि नागरिकहरुको विचार र व्यवहार स्वतन्त्र नभएको कार्की आयोगको ठहर छ । 'यहाँका नागरिकहरू बन्धन (जेलमा ) छैनन् तर नागरिकहरुको सोच सिमिति छ । यो जेल पर्खालले होइन, अभिरुचिले बनाइन्छ ।'- प्रतिवेदनमा छ ।


पर्यटन डिभिजन कार्यालय, रुपन्देही

**शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

मिति :२०८२।१२।१२

यस कार्यालयको मिति२०८२।१२।१२ गते आह्वान गरिएको शिलवन्दी दरभाउपत्रको सूचना सम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाईट www.tourismrupandehi.lumbini.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन अनुरोध छ ।

- धरौटी खाता नं. ३१२०१००२०२०३००००
- कार्यालय कोड नं.३०७०५४८०१५
- राजश्व शिर्षकनं.१४२२९

नि.कार्यालय प्रमुख

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# Binayi Tribeni Rural Municipality
## Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of Bardaghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

First Date of publication: 2082/12/12(26th, March, 2026)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 43/BTRM/ NCB/Works/ 2082-083 | Betautichira Dhakalgaira Sadak Istarunnati | 2857999.51 | 85740 | 3000.00 | 2083/01/13 (26th, April, 2026) Before 12:00 | 90 Days | 2082/1/2 (15th, April 2026) at 10:00 AM | 2083/01/ 13(26th, April, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



व्यावसायिक तरकारी खेतीः
दाङको घोराही उप-महानगरपालिका-१६ स्थित बाहुनडाँडा गाउँमा बर्दियाका भीमकान्त चापागाईंले भाडाको जग्गा लिएर व्यावसायिक रूपमा गरेको तरकारी खेती । तस्विर : कुलदीप न्यौपाने/रासस

# कांग्रेसको १५औं महाधिवेशन असोज १६–१९ मा



बुटवल । नेपाली कांग्रेसले १५औं महाधिवेशन कार्यतालिका संशोधन गरेको छ । पार्टीको बुधबारको केन्द्रीय समिति बैठकले २ भदौबाट वडा अधिवेशन सुरु गर्ने निर्णय गरेको छ ।

यसअघि मंगलबारको बैठकमा ६ साउनमा वडा अधिवेशन सुरु गर्ने कार्यतालिका प्रस्तुत गरिएको । उक्त कार्यतालिकालाई संशोधन गरेर नयाँ कार्यतालिका ल्याइएको एक केन्द्रीय सदस्यले जानकारी दिए ।

ती केन्द्रीय सदस्यका अनुसार गाउँ- नगर अधिवेशन ७ भदौका लागि धकेलिएको छ । यसअघि १२ साउनमा गाउँ- नगर अधिवेशन गरिने कार्यतालिका थियो ।

यस्तै २३ साउनका लागि प्रस्ताव भएको प्रदेशसभा क्षेत्रीय अधिवेशन संशोधन गरेर १७ भदौमा आयोजना हुने भएको छ ।

३० साउन ३० मा गर्ने भनिएको क्षेत्रीय अधिवेशन तथा एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन २४ भदौमा गर्ने निर्णय कांग्रेसले गरेको छ । त्यसैगरी ६ र ७ भदौका लागि प्रस्ताव गरिएको एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन २ र ३ असोजमा हुने भएको छ ।

प्रदेशहरूको अधिवेशनलाई ७ र ८ असोजमा हुने भएको छ । यसअघि प्रदेश अधिवेशन १५ र १६ भदौमा गर्ने प्रस्ताव बैठकमा गरिएको थियो ।

आगामी १६, १७, १८ र १९ असोजमा १५ औं महाधिवेशनका लागि मिति तय गरिएको छ । महाधिवेशन काठमाडौंमा आयोजना हुने भएको छ । यसअघि २४-२६ भदौमा १५औं महाधिवेशन प्रस्ताव भएको थियो ।

# पाल्पा उद्योग वाणिज्य संघमा चुनावी सरगर्मी

पाल्पा । पाल्पा उद्योग वाणिज्य संघमा यही चैत्र १४ हुने २५ पदको लागि ३६ जना उम्मेदवारी दर्ता गराएका छन् ।

अध्यक्षमा निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराई र निवर्तमान महासचिव समिर मानसिंहबिच प्रतिष्पर्धा रहेको छ भने वाणिज्य उपाध्यक्ष रञ्जनाकुमारी थापा अर्याल र सुरेन्द्र कर्माचार्यबिच भिडन्त हुने भएको छ । दुबै अध्यक्ष पदका उम्मेदवारले प्यानल नै खढा गरेर निर्वाचनमा होमिएका छन् ।

यसैगरी क्षेत्र नं. ३ मा दुई पदको लागि विनोद नेपाल, विश्व के.सी. र विष्णुप्रसाद रेग्मीबिच प्रतिष्पर्धा रहेको छ । क्षेत्र नं. ४ मा दुई सदस्यको लागि नारायण न्यौपाने, मञ्जु रेग्मी र नारायणबहादुर पछाईंबिच प्रतिष्पर्धा रहेको छ ।

क्षेत्र नं. ७ मा दुई सदस्यको लागि महेश शर्मा आचार्य, सविन मल्ल, मोहनबहादुर कुँवर र महेन्द्र श्रेष्ठबिच कडा प्रतिष्पर्धा रहेको छ । यसैगरी क्षेत्र नं. १० मा दुई सदस्यको लागि सागर खड्का, विदुर घिमिरे, नविन घिमिरे, सुरेश गोदार र नम्रता थापाबिच प्रतिष्पर्धा रहेको छ । क्षेत्र नं. ११ मा दुई सदस्यको लागि कमलप्रसाद पाण्डे, जीवन पाण्डे, अनित श्रेष्ठ र सन्तोष श्रेष्ठ मैदानमा उत्रिएका छन् ।

यसैगरी उद्योग उपाध्यक्षसहित विभिन्न क्षेत्रका सदस्यहरु निर्विरोध निर्वाचित भएका छन् ।

निर्विरोध निर्वाचित हुनेहरुमा उद्योग उपाध्यक्षमा मुक्तिराम जिसी, क्षेत्रगत सदस्यहरुमा क्षेत्र नं. २ बाट सञ्जयकुमार श्रेष्ठ र विष्णुबहादुर पछाईं, क्षेत्र नं. ५ बाट विनायक महर्जन र किशोरदर्शन बज्राचार्य, क्षेत्र नं. ६ बाट लक्ष्मणप्रसाद रेग्मी र अमन श्रेष्ठ, क्षेत्र नं. ८ बाट रमेश राज बज्राचार्य, क्षेत्र नं. ९ बाट निराकार श्रेष्ठ, क्षेत्र नं. १२ बाट दिपक घिमिरे र गंगाराम नेपाल, क्षेत्र नं. १३ बाट समत मियाँ र एसोसियट सदस्यमा दामोदर गैरे रहेका छन् ।

चैत्र १४ गते निर्वाचनको लागि निर्वाचन कार्यालय आवश्यक तयारीमा जुटेको निर्वाचन अधिकृत टंकप्रसाद पन्थले जानकारी दिए ।

# चौध वर्षमुनिका २७ जनामा क्षयरोग

चितवन । चालु आर्थिक वर्षमा जिल्लामा ६२३ जना क्षयरोगबाट पीडित भएका पाइएको छ । नियमित परीक्षणका क्रममा जिल्लामा पहिचान भएका क्षयरोगीमध्ये २७ जना १४ वर्षमुनिका बालबालिका छन् । तीमध्ये चार जना चार वर्षमुनिका छन् । जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीका अनुसार साउनयता पाँच हजार ३८२ जनाको परीक्षण गरिएकामा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो । जसमध्ये २८७ जनामा नसर्ने र ३३६ जना सर्ने खालको क्षयरोग भएको भेटिएको छ । सङ्क्रमितमध्ये सात जनालाई औषधिले काम नगर्ने खालको क्षयरोग भेटिएको छ ।

सङ्क्रमितहरूले जिल्लाका १०७ वटा औषधि वितरण गर्ने संस्थाबाट नियमित औषधि सेवन गर्दै आएका छन् । क्षयरोग प्रमाणित गर्नका लागि जिल्लामा २८ वटा 'माइक्रोस्कोप' र चारवटा 'जिन एक्स्पर्ट' गर्ने संस्था छन् । माइक्रोस्कोपबाट तीन हजार ८१ जनाको परीक्षण गरिएकामा १४३ जनामा सङ्क्रमित भेटिएको थियो ।

यस्तै जिन एक्स्पर्टबाट दुई हजार ३०१ जनाको परीक्षण गर्दा ३०७ जनामा क्षयरोग सङ्क्रमित देखिएको उनले बताए । जिल्लामा भेटिएका सङ्क्रमितमध्ये २३५ महिला र ३८८ जना पुरुष रहेका छन् । गत आर्थिक वर्षमा एक हजार ८९ जनामा क्षयरोगको सङ्क्रमण भेटिएको थियो । सङ्क्रमितमध्ये २२ जनाको क्षयरोगका कारण मृत्यु भएको थियो । गत वर्ष १३ हजार १०७ जनाको परीक्षण गरिएको थियो । यो रोग माइक्रोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुने रोग हो । रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने गर्छ, कमजोरी महसुस हुन थाल्छ ।

मानिसहरूले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्, जसकारण विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमण भई गम्भीर समस्या निम्त्याउने उनले जनाए । रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो ।

सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन् । तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्छ ।

यो रोग लागेमा सूर्ति मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छाड्ने गर्नुपर्छ । अधिक मदिरा, लागुपदार्थ वा औषधि सेवन गर्न नहुने उनले जानकारी दिए ।

स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना)सम्म निःशुल्क प्राप्त हुने औषधि सेवन गर्ने, औषधि सेवन गर्न सुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार समय-समयमा परीक्षण गर्न उनी सुझाउँछन् ।

# ठगीमा परेका ५१ नेपालीको कम्बोडियाबाट उद्धार



बुटवल । विभिन्न व्यक्तिहरुको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका ५१ नेपालीको उद्धार गरिएको छ ।

अनलाइन ठगीका साथै विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा बिना राहदानी बसिरहेका उनीहरुलाई बुधबार थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली सङ्घ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो ।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ ।

कम्बोडियामा नेपालीलाई नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिना राहदानी वा राहदानी-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ ।

कम्बोडियामा अवैध रुपमा बसिरहेका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैर-आवासीय नेपाली सङ्घ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ ।

स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनि जनाको गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको जनाएको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ नेपालीहरु भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ नेपालीहरु कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्याण्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ ।

# प्रथम बटौली कपः न्यू होराइजन र जेआर क्रिकेट क्लब विजयी

भैरहवा । न्यू होराइजन क्रिकेट क्लब र जेआर क्रिकेट क्लबले प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबारका खेलमा जित निकालेका छन् । होराइजनले तिरुपति क्रिकेट क्लबलाई १ विकेट र जेआरले बुटवल युथ क्लबलाई ६ विकेटले हराउँदै जित दर्ज गरेका हुन् ।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उपमहानगरपालिकाको सहयोगमा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको तिरुपतिले १६ ओभर ३ बलमा सबै विकेट गुमाएर ८६ रनको झिनो योगफल खडा गर्यो । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका अनिश भट्टराई, सुरज खड्का र आलिसोन अधिकारीले समान २-२ तथा महेश भर, प्रेम गुप्ता र तुलबहादुर थापा मगरले १-१ विकेट लिए । तिरुपतिका रुपेश कुर्मीले १४, एजाजुल हकले १३, विजय प्रजापतीले १२ र रौनक श्रीवास्तवले ११ रन बनाए ।

होराइजनले १८ ओभरमा ९ विकेट गुमाएर ८७ रन बनाउँदै जित निकाल्यो । उसको जितमा अमर मिश्राले २४, निश्चल ज्ञवालीले १७, तुलबहादुर थापा मगरले १३ र आरिफ खानले १२ रनको योगदान गरे । बलिङमा तिरुपतिका रौनक श्रीवास्तवले ३ तथा सन्दीप मौर्य र इन्द्रजित यादवले २-२ विकेट लिए । खेलमा अनिश भट्टराई प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको बुटवल युथले ९ विकेट गुमाएर १ सय १० रन बनायो । जसमा विकाश न्यौपानेले २७, सोनु मल्लाहले २२, हिलसन क्षेत्रीले १५ र कृष्ण चापागाईंले ११ रन बनाए । बलिङमा जेआरका अनमोल श्रीस थापाले ३, विशाल भुसाल र कौशल बेल्बासेले २-२ तथा कृष्ण पन्थीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको जेआरले १७ ओभर ५ बलमा ४ विकेट गुमाएर १ सय ११ रन बनाउँदै जित निकाल्यो । उसको जितमा विशाल भुसालले ४६, राजप्रसाद खनालले २३, गगन अधिकारीले नटआउट १९ र विमल भट्टराईले ११ रनको योगदान गरे । बलिङमा बुटवल युथका निराजन भट्टराई, लक्ष्मण परियार र अजय चौधरीले १-१ विकेट लिए । खेलमा विशाल भुसाल प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका गरी १६ टीम सहभागी छन् । आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उपविजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् ।





## बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

## हार्दिक बधाई तथा शुभकामना



मासु व्यवसायी संघ नेपाल रुपन्देहीको ८औं अधिवेशनबाट दुई वर्षे कार्यकालका लागि अध्यक्षमा विशाल थापा, वरिष्ठ उपाध्यक्षमा रशनबहादुर खत्री, खुल्ला उपाध्यक्षमा सुनिता थापा क्षेत्री, उपाध्यक्षहरूमा अहमद हुसेन र ऋषिराम राई भाट, महासचिवमा थानिश्वर सुवेदी, सचिवमा विष्णुबहादुर जिसी, कोषाध्यक्षमा लक्ष्मण प्रसाद श्रेष्ठ, सहकोषाध्यक्षमा बिमा थापा तथा कार्यसमिति सदस्यहरुमा वेदप्रसाद काफ्ले, ओम बहादुर थापा, गन कुमारी राना, विमला थापा, सफी मोहमद भाट, अलि हसन अली, दामोदर पौडेल, हुमलाल पन्थी, अशोक पौडेल, रतनसिंह थापा थापा, कृष्ण प्रसाद अधिकारी, सन्तोष थापा र देवी खत्री निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

रेशम पोखरेल
कार्यालय प्रमुख
तथा रुपा केसी र नवीन सुवेदी
एवं
मासु व्यवसायी संघ नेपाल रुपन्देही परिवार


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com